
# व्यक्तिगत घटना दर्ता सप्ताह

**२०८१ साल बैशाख १ देखि ७ गतेसम्म**

व्यक्तिको कानुनी पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा प्राप्तीका लागि जन्म, मृत्यु, विवाह, बसाइँसराइ र सम्बन्ध विच्छेद लगायतका व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिन भित्र आफ्नो वडा कार्यालयमा दर्ता गरौं / गराऔं ।

नेपाल सरकार
गृह मन्त्रालय
**राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग**
सिंहदरबार, काठमाडौं


व्यक्तिगत घटना दर्ता सप्ताह
२०८१ साल बैशाख १ देखि ७ गतेसम्म
जन्म दर्ता किन गर्ने ?
बालबालिकालाई स्कुल भर्ना गर्न
नागरिकता र पासपोर्ट बनाउन
नावालक परिचयपत्र बनाउन
सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न
बैंक खाता खोल्न
माथि उल्लेखित सेवाका साथै अन्य विभिन्न सरकारी सेवा प्राप्त गर्न
नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
सिंहदरबार, काठमाडौं

# जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाइँ सराइ

**जस्ता व्यक्तिगत घटना घटेको ३५ दिन भित्र नि:शुल्क रुपमा वडा कार्यालयमा दर्ता गरौं र गराऔं ।**

## जन्म



**जन्म दर्ता गराउँदा चाहिने कागजातहरु :**

- आमा वा बाबुको नागरिकता,
- स्वास्थ्य संस्था वा अस्पतालमा जन्म भएको भए उक्त संस्थाबाट जारी जन्म प्रमाणित कागज,
- घरमा जन्म भएको हकमा पहिचान खोप कार्ड
- विदेशी भएमा, बाबु आमाको राहदानी प्रमाणपत्रको प्रतिलिपि तथा सम्बन्धित स्थानीय तहको वडामा बसोबास रहेको प्रमाण
- बाबु बेपत्ता वा ठेगाना बाहिर नभएको भए सो सम्बन्धी प्रहरी प्रतिवेदन

## मृत्यु

**मृत्यु दर्ताका लागि चाहिने कागजातहरु :**

- मृतकको नागरिकताको प्रमाणपत्र (नागरिकता बनेको भएमा) वा जन्मदर्ता (नागरिकता नबनेको भएमा),
- सूचकको नागरिकता
- मृतक विदेशी भएमा सूचक र मृतकको राहदानी, श्रमस्वीकृति तथा भिसा त्यस वडामा बसोबास गरेको प्रमाण, सम्बन्धित मुलुकको नेपालस्थित कूटनीतिक नियोगको सिफारिस
- स्वास्थ्य संस्थामा मृत्यु भएमा मृत्युको प्रमाण



## विवाह



**विवाह दर्ता गराउँदा चाहिने कागजातहरु :**

- विवाह दर्ता गर्न पति र पत्नी दुवै सूचक हुनुपर्ने ।
- दुलाहा दुलहीको नागरिकता प्रमाणपत्र वा राष्ट्रियता खुल्ने कागज ।
- दुलाहा वा दुलही दुवैको हाल खिचेको अटो साइजको फोटो,
- अदालतबाट नाता कायम भएको अवस्थामा नाता कायमको कागज
- दुवै एकजना विदेशमा रहेमा विदेश स्थित नेपाली नियोगबाट प्रमाणित अधिकृत वारेसनामा

## सम्बन्ध विच्छेद

**सम्बन्ध विच्छेद दर्ता गराउन चाहिने कागजातहरु :**

- सूचकको नागरिकता प्रमाणपत्र,
- अदालतबाट सम्बन्ध विच्छेद भएको फैसला,
- विदेशीमा सम्बन्ध विच्छेद भएको हकमा त्यहाँको प्रचलित कानून अनुसार सम्बन्ध विच्छेद भएको प्रमाणपत्र र कूटनीतिक नियोगबाट प्रमाणित भएका अंग्रेजी भाषाका कागजातलाई नोटरी पब्लिकबाट अनुवाद गरेको वा कन्सुलर सेवा विभागबाट प्रमाणीकरण गरेको सक्कल प्रति ।



## बसाइँ सराइ



**बसाइँ सराइ दर्ताका लागि चाहिने कागजातहरु :**

बसाइँ सरेर जादा चाहिने कागजातहरु :

- बसाइँ सराइको कारण
- बसाइँ सराइ गरेर जाने सूचकको नागरिकताको प्रमाणपत्र,
- १६ वर्ष मुनिका बालबालिकाको हकमा जन्म दर्ताको प्रमाणपत्र र १६ वर्ष माथि नागरिकता नलिएकाको हकमा नागरिकता र नागरिकता नभएमा जन्मदर्ताको प्रमाणपत्र
- परिवारका सम्पूर्ण सदस्यको सबै व्यक्तिगत घटना दर्ता गरेपछि मात्र बसाइँ सराइ दर्ता गर्नुपर्ने ।

बसाइँ सरेर आउँदा चाहिने कागजातहरु :

- बसाइँ सराइको कारण
- बसाइँ सराइ गरेर आउँदा सम्पूर्ण वा सूचकको नागरिकता

बसाइँ सराइ गरेर जाँदा (जुन ठाँउबाट जान लागिएको हो) र आउँदा (बस्न लागिएको नयाँ ठाँउ) दुवै ठाँउमा घटना दर्ता गर्नुपर्छ ।

## ◆ व्यक्तिगत घटना दर्ता के हो ?

व्यक्तिको जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद तथा बसाई सराई जस्ता घटना घटेमा स्थानीय पञ्जीकाधिकारीको कार्यालयमा गई सूचना दिने, दर्ता गराउने र प्रमाण-पत्र लिने कार्यलाई व्यक्तिगत घटना दर्ता भनिन्छ ।

## ◆ व्यक्तिगत घटना दर्ताको प्रमाणपत्र किन आवश्यक पर्दछ ?

व्यक्तिगत घटना दर्ताको प्रमाणपत्र बालबालिकालाई विद्यालयमा भर्ना गर्न, नागरिकता बनाउन, नाबालक राष्ट्रिय परिचय-पत्र बनाउन, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न साथै राज्यबाट पाउने सेवा, सुविधा र हक स्थापना गर्न आवश्यक पर्दछ ।

## ◆ व्यक्तिगत घटना दर्ता कहाँ गर्ने ?

आफ्नो स्थायी ठेगाना भएको वडामा तोकिएको सूचकले आवश्यक कागजात सहित घटना दर्ता गराउन सकिन्छ ।




## व्यक्तिगत घटना दर्तामा सूचक र संलग्न गर्नुपर्ने कागजपत्रबारे जानकारी

| घटना | सूचक | संलग्न गर्नुपर्ने कागजपत्र |
|---|---|---|
| जन्म | ➢ बाबु र आमा,<br>बाबु र आमा उपस्थित हुन नसकेमा बाबु वा आमा,<br>➢ बाबु वा आमा नभएको प्रमाणित भएमा बाबु तर्फको हजुरबुबा वा हजुरआमा वा परिवारको १८ वर्ष उमेर पुगेको व्यक्ति | ➢ सूचकको सहिछाप सहितको सूचना फाराम,<br>➢ सूचकको नागरिकताको प्रमाणपत्र,<br>➢ स्वास्थ्य संस्थामा जन्म भएको मए जन्म प्रतिवेदन वा प्रमाण,<br>➢ घरमा जन्म भएको मए खोप लगाएको प्रमाण, |
| विवाह | ➢ पति र पत्नी दुवै जना | ➢ सूचकको सहिछाप सहितको सूचना फाराम,<br>➢ पतिको नागरिकता प्रमाणपत्र,<br>➢ पत्नीको नागरिकता प्रमाणपत्र (भएमा),<br>➢ पति पत्नीको २/२ प्रति हालसालै खिचेको पासपोर्ट साइजको फोटो |
| सम्बन्ध विच्छेद | ➢ पति वा पत्नी | ➢ सूचकको सहिछाप सहितको सूचना फाराम,<br>➢ सूचकको नागरिकता प्रमाणपत्र,<br>➢ अदालतको निर्णय वा फैसलाको प्रतिलिपि, |
| बसाई सराई | ➢ बसाई सरी जाने परिवारको सदस्य मध्ये मुख्य व्यक्ति वा नभएमा १८ वर्ष उमेर पुगेको परिवारको सदस्य | ➢ सूचकको सहिछाप सहितको लगत हस्तान्तरण फाराम<br>➢ सूचकको नागरिकता प्रमाणपत्र |
| | ➢ बसाई सरी आउने परिवारको सदस्य मध्ये मुख्य व्यक्ति वा नभएमा १८ वर्ष उमेर पुगेको परिवारको सदस्य | ➢ सूचकको नागरिकताको प्रमाण पत्र<br>➢ लगत हस्तान्तरणको सक्कल फाराम |
| मृत्यु | ➢ बाबु वा आमा वा पति वा पत्नी वा छोरा वा छोरी,<br>➢ उल्लेखित सूचक नभएको प्रमाणित भएमा परिवारको १८ वर्ष उमेर पुगेको व्यक्ति, | ➢ सूचकको सहिछाप सहितका सूचना फाराम,<br>➢ मृतकको नागरिकता प्रमाणपत्र वा जन्म दर्ता<br>➢ सूचकको नागरिकता प्रमाणपत्र,<br>➢ स्वास्थ्य संस्थामा मृत्यु भएमा मृत्यु प्रतिवेदन वा प्रमाण |

## ♦ घटना दर्ता गर्दा ढिलाइ भए जरिवाना

घटना घटेको ३५ दिन भित्र दर्ता गराउँदा नि:शुल्क र त्यसपछि तोकिएको जरिवाना तिरी दर्ता गर्नुपर्दछ ।

## ♦ बैशाख महिनाको पहिलो साता विशेष अभियान

प्रत्येक वर्ष बैशाख महिनाको पहिलो साता संचालन हुने व्यक्तिगत घटना दर्ता सप्ताहमा सहभागी बनौं ।

## ♦ घटना दर्ताको अनलाईन निवेदन कसरी दिने ?

नागरिकले व्यक्तिगत घटना दर्ताको अनलाइ आवेदन दिन राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको वेबसाईट https://donidcr.gov.np मा रहेको अनलाईन घटना दर्ताको निवेदन लिंकमा गई विवरण भरी प्राप्त टोकन नम्बर लिएर दर्ता शिविर वा सम्बन्धित वडा कार्यलयमा गई घटना दर्ता गर्न सकिनेछ ।





" दोहोरो घटना दर्ता गर्नु, झुटा विवरण दिई घटना दर्ता गराउनु दण्डनीय कार्य हो । "

" बहुविवाह गर्नु गैरकानुनी कार्य हो ।
तसर्थ बहुविवाह नगरौं, नगराऔं । "





### गुनासो:

घटना दर्ता सम्बन्धी केही गुनासो भएमा आफ्नो वडा कार्यालय वा स्थानीय सरकारको केन्द्रमा निवेदन दिनुहोस् वा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको

**वेबसाइट:** https://gms.donidcr.gov.np/Grievance/PublicMain

**फेसबुक:** https://www.facebook.com/DepartmentofNationalI-DandCivilRegistration

**ट्विटर:** https://twitter.com/DoNIDCRNep

**इमेल:** **info@donidcr.gov.np**

**फोन:** ०१-४२०००१६ मार्फत दर्ता गराउन सकिन्छ ।

" २० वर्षभन्दा कम उमेरमा विवाह गर्नु
गराउनु दण्डनिय अपराध हो । "

" व्यक्तिगत घटना घटेको३५ दिन भित्र स्थानीय तहमा सूचना दिई घटना दर्ता गराउनु नागरिकको कर्तव्य हो । "



# व्यक्तिगत घटना दर्ता

थप जानकारी लागि


नेपाल सरकार
गृह मन्त्रालय
**राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग**
सिंहदरबार, काठमाडौं
**हटलाइन नं.:** ०१-४२०००१६
**नि:शुल्क:** १६६० ०१९६६६६
**इमेल:** info@donidcr.gov.np
**वेबसाइट:** https://donidcr.gov.np